**धनकुटाका यी महिलाहरूको व्यथा**
चेतन अधिकारी

आजभन्दा १२ वर्षअघि नानुका अधिकारी पहिलोपटक धनकुटा आइपुगिन् । संखुवासभाको आँखीभूईं गाउँ विकास समिति घर भएकी नानुका तेह्रथुमको बसन्तपुरबाट मोटर चढेर धनकुटा उत्रिन् ।

बसपार्कमा गाडी रोकिनासाथ वरिपरि आफूजस्तै दिदीबहिनीहरूले स(साना फलफूल/सब्जी पसल थापेको देखिन् । उनको आँखाअगाडि फाटफटु बिक्री भएको पनि देखिन् । 'रातदिन रुझेर भिजेर खेती गर्नुभन्दा आफूलाई पनि यही ठाउँमा यस्तै पसल खोल्न मन लाग्यो( मनको गाँठो फुकाउँदै नानुका भन्छिन्( १० वर्षअघि मैले यो पसल गर्न थालेकी हुँ । नानुकाले १ सय रुपैयाँ लगानी गरेर एक डोको सुन्तला किनेर अरू दिदीबहिनीसँगै बेच्न थालिन् । तर उनले सोचेजस्तो बिक्री पनि नहुने रहेछ, नाफा पनि नबस्दो रहेछ, आफ्नो अनुभव बताउँछिन् ।

नानुकाजस्ता पसल थापेर बसेका महिला धनकुटा बसपार्कमा २० जनाभन्दा बढी छन् । उनीहरू कोही घरसल्लाहले व्यापार गर्न थालेका छन्, कोही खेतीको विकल्पको रूपमा यसलाई व्यवसायको रूप दिन सकिन्छ कि भनेर लागेका छन् । यस्तै अनुभव संगाल्दैछिन् मंगलकुमारी श्रेष्ठ । खेतीपाती पनि पर्याप्त छैन । फेरि घाम, झरी पनि जीउले नसहने हुनाले यसले पेटपालो गर्न सहयोग गर्छ कि भनेर यतातिर लागे( ५६ वर्षीय श्रेष्ठ भन्छिन् ।

उता भारतको दरभंगा घर भएकी मुनोदेवी हलुवाई भने यो साल अनुभवको लागि सुन्तला र बदाम बेच्दैछिन् । 'नाफा भएछ भने सब्जी पनि बेच्छु भएन भने २ महिनाभित्र पसलै छाडिदिन्छु' उनी भन्छिन् ।

बसका यात्रुहरू कुरेर दिन गुजार्ने यी महिला व्यापारीहरू मौसमअनुसारका फलफँल र तरकारी बेच्छन् । धरान( बसन्तपुर राजमार्गको बीचभागमा पर्ने धनकुटा बसपार्कमा दैनिक ८४ वटा यात्रुवाहक बसहरू आवत(जावत गर्छन् । विशेषगरी पहाडबाट तराईतर्फ झर्ने यात्रुहरूले आफ्नो सामानहरू किन्ने गरेको कुरा मंगलकुमारी बताउँछिन् । गत सालसम्म बसपार्कवरिपरि छाप्रो हालेर बसेका यी महिलाहरू नगरपालिकाले सपिङ कम्प्लेस बनाउन छाप्रा हटाएपछि पाखा लागेका छन् । नानुका त अझै बसपार्कको माथिल्लो भागमा भाटाको टाटी र प्लास्टिकको छानो हालेर बास बसेकी छिन् । उनीसँग एउटा ५ वर्षे छोरो, अर्की ४ महिनाकी छोरी त्यहीं रात कटाउँछन् ।

'सपिङ कम्प्लेक्स त तयार भयो । नगरपालिकाले टेण्डर पनि खोल्यो तर हाम्रो टेण्डर हाल्ने हैसियत नै छैन( अर्की व्यापारी राजकुमारी मगर बताउँछिन् । यी महिलाहरूलाई व्यापारको नाफा दिने कुनै छाँट देखिदैन । उनीहरू टाढाबाट सामान खरिद गर्न पनि भ्याउँदैनन् र रकमको अनि अभाव हुन्छ । 'दुःखजिलो गरेर ल्याए पनि समयमा नबिकेर फ्याँक्नुपर्ने हुन्छ' ओइलाइसकेका सागका मुठा देखाउँदै राजकुमारी भन्छिन् । नाफा नहुने व्यापार किन गर्नुभएको त भन्ने जिज्ञासामा सबैको एउटै उत्तर आउँछ( दिन कटाउन, आफू बाँच्च र छोराछोरी बचाउन ।

दिनभरि बसपार्कको धूलो र धूँवा खान विवश महिलाहरूको भित्री वेदना भने बेग्लै छ । तर उनीहरू आफ्नो पीडा भन्न चाहँदैनन् । ५९ वर्षीया मनमाया रम्तेल त खुलेरै भन्छिन्( मलाई छोराबुहारीले घरबाट हेलाहिंसा गरेर निकाले, साहारा खोज्दै यहीं आइपुगें । मनमाया तेह्रथुमबाट धनकुटा बसपार्कमा आएर डालीमा बदाम बेच्दैछिन् । मनमायाजस्तै घरेलु हिंसाबाट पीडित महिलाहरू बसपार्कका यात्रु पर्खेर दिन बिताइरहेका छन् ।

उनीहरूको घामपानी छेक्ने कुनै ओत नभएकोले पानी परेका दिन व्यापार फिजाउनै पाउँदैनन् । पानी पऱ्यो कि कुम्लो(कुटुरो बोक्यो लाग्यो ओत खोज्न( राजकुमारी भन्छिन् । यसो प्लास्टिकसम्म ओतेर बस्छौंभन्दा पनि नगरपालिकाले दिंदैन( दुःख व्यक्त गर्छिन राजकुमारी । यस सम्बन्धमा धनकुटा नगरपालिकाका कार्यकारी अधिकृत गणेशप्रसाद भट्टराई छाप्राहरूले बसपार्कको सौन्दर्यता घटाउने हुनाले नै हटाइएको हो । फेरि छाप्रा हाल्न त समस्या हुन्छ भन्नुहुन्छ । तर महिलाहरूको पेटपालो नै बन्द हुने स्थितिमा भएमा सोच्न सकिने कुरा भट्टराई बताउनुहुन्छ । उहाँका अनुसार समस्या परेको कुरा नपामा लिखित रूपमा निवेदन गर्नुपर्दछ । तर सो प्रक्रिया पुऱ्याउन महिलाहरू समर्थ छैनन् । सपिङ कम्प्लेक्स भाडामा लिनेहरूले एक साताअघि मात्र उनीहरूलाई बसपार्कबाट लखेटेको बिर्सेका छैनन् । 'तिमीहरूले गर्दा हाम्रो व्यापार हुँदैन भनेर सबै सामान छरिदिए'(आँसु झार्दै राजकुमारी भन्छिन् । उनीहरू अहिले बसापर्कभन्दा माथिल्लो डिलमा बसेका छन् ।

महिला व्यापारीहरू आफू मात्र छैनन् । उनीहरूका काखका बच्चा पनि धूँवा र धूलोसँग लुटपुटिरहेका छन् । नानुकासँग ४ महिनाकी छोरी छिन् भने राजकुमारीसँग त तीनवटा नाति(नातिना । यस्तै प्रत्येक महिलाहरूसँग एकदेखि ३/४ जनासम्म बच्चाबच्ची साथमा छन् । धूवा र धूलोबाट उनीहरूको स्वास्थ्यमा पर्ने असरप्रति कसैको ध्यान तानिन सकेको छैन । अर्कोतिर अब विस्तारै गर्मी, झरीबादल शुरु हुन्छ त्यस बखत उनीहरूले कहाँ ओत लागेर व्यापार गर्ने ? हिउँदामा त घाम तापौला

बर्खेझरीमा के गर्ने ? त्यसको पत्तै छैन( आफ्नो अनिश्चित भविष्यप्रति चिन्तित छिन् नानुका । यो चिन्ता नानुकाजस्तै बसपार्क वरिपरि फाटफुट पसल थापेका २०/२२ जना महिला दिदीबहिनीहरूको हो ।

## छोरीले किरिया गर्दा अचम्म मान्नुपर्दैन

रेवती सापकोटा

शिक्षिका सुनिता श्रेष्ठ आफ्ना बाबु हरिगोविन्द श्रेष्ठको देहवसान हुँदा भाइसँगै शव बोकेर घाटमा पुगिन् । भाइले झैं घाटमै कपाल खौरेर सेतो पहिरनमा घरमा आई १३ दिनसम्म किरियापुत्री भएर अँध्यारो कोठमा बसिन् । सिन्धुपाल्चोक जिल्लाको बतासे गाउँ विकास समितिकी सुनिताले यसरी नै बाबुको किरिया गर्दा गाउँलेहरूले अचम्म माने । तर उनलाई भने आफूले नौलो काम गरेजस्तो लागेन । उनी भन्छिन्( मैले अनौठो काम गरेजस्तो अहिले पनि लाग्दैन ।

हिन्दू समाजमा छोरीले बाबुआमाको किरिया गर्नुलाई त्यति उपयुक्त मानिदैन । शास्त्रनीतिले पनि यही कुरालाई दोहोर्‍याउँछ । शास्त्रनीतिका जानकार स्वामी प्रपन्नाचार्य भन्नुहुन्छ( शास्त्रनीतिअनुसार छोरा छन् भने छोरीले बाबुआमाको काजकिरिया गर्नुपर्दैन । हिन्दू समाजमा बाबुआमाको देहवसान हुँदा छोराले नै किरिया गर्नुपर्ने प्रचलन छ । स्वामी प्रपन्नाचार्य आफू छोराछोरी दुवैलाई बराबरी मान्छु भन्दै भन्नुहुन्छ( छोरा छन् भने छोराले गर्दा राम्रो छोरीले गर्दा पनि आपत्ति हुँदैन । स्वामी प्रपन्नाचार्य छोरीले पनि किरिया गर्नुहुने कुरा बताउनुहुन्छ ।

०५३ साल माघ १३ गते बाबुको देहवसान हुँदा भाइ बसन्तसँगै सुनिता किरियापुत्री बनेर बसेको देख्दा उनका आफ्ना सहपाठीहरूले पनि आश्चर्य मानेका थिए । गाउँलेहरूले पनि छोरा हुँदाहुँदै छोरीले किरिया गर्दा पाप लाग्छ भनेर सुनितालाई सम्झाएका थिए । सुनिताकी सहपाठी शिक्षिका कविता शाक्य साथीले गरेको काम गर्न आफू नसक्ने बताउँछिन् । उनी भन्छिन्( छोरीले किरिया गर्दा समाजले पचाउँदैन ।

छोराछोरीमाथि हुँदै आएको भेदभाव कत्ति पनि मन नपराउने सुनिताले छोरी पनि छोरासरह हुन् भन्ने कुरा समाजमा देखाउन बाबुको किरिया गरेकी हुन् । छोरीले दिएको पिण्ड पितृले खाँदैनन् भन्ने विश्वास रहेको समाजलाई चुनौती दिएर किरिया गर्नु सुनिताको लागि त्यति सजिलोचाहिं थिएन । तर उनी प्रतिप्रश्न गर्छिन्( छोरीले जिन्दगीभर भात पकाएर खुवाउन हुन्छ भने मरेपछि पिण्ड दिन किन नहुने ?

यो चुनौतीको सामना शिक्षिका सुनिता श्रेष्ठले मात्र गरेकी छैनन् । राष्ट्रिय मानवअधिकार आयोगकी सदस्य इन्दिरा राणाले पनि गर्नुभएको छ । त्यसो त गत वर्ष काभ्रेकी अम्बुभवानी कार्कीका पाँचजना दिदीबहिनीले पनि समाजमा आउने यही चुनौतीको सामना गरिसकेका छन् । बर्दियाकी कवयित्री नीलम कार्कीले पनि यो काम गरिसकेकी छिन् ।

मरेपछि पिण्ड दिने छोरा नै चाहिन्छ भनेर दर्जनौं बच्चा जन्माएर आफ्नो आर्थिक र स्वास्थ्यस्थिति बिगार्ने बाबुआमाको लागि त यी छोरीहरू शिक्षा आर्जन गर्ने किताबका पानासरह बनेका छन् । नेपालमा यसरी नै उदाहरणीय काम गर्ने महिलाहरूको संख्या बढ्दो छ ।

पढेलेखेका र समाजमा आफ्नो छवि स्थापित गरिसकेका महिला तथा पुरुष बाबुआमाको किरिया छोरीले गर्नु हुँदैन भन्ने पक्षमा छैनन् । तर संस्कृतका 'पण्डित' हरू भने अझै पनि बाबुआमाको काजकिरिया गर्ने अधिकार पुत्रलाई मात्र छ पुत्रीलाई छैन भन्छन् । वाल्मीकि क्याम्पसका एकजना प्राध्यापक भन्नुहुन्छ( छोरीले किरिया गर्ने शास्त्रीय विधि नभएकोले काजकिरिया गर्ने अधिकार पुत्रकै हो ।

महिला नेतृ शशी श्रेष्ठ छोरीलाई काजकिरिया गर्ने अधिकार छैन भन्ने कुरामा पटक्कै सहमत हुनुहुन्न । उहाँ भन्नुहुन्छ( छोरीले काजकिरिया गर्नुहुन्छ । पुरुषप्रधान समाजभित्र महिलाहरूलाई सामन्ती संस्कारभित्र राखिएको बताउने शशी श्रेष्ठ मान्छे सबै एकै हुन् भन्नुहुन्छ । शास्त्रीय नीति र नियमलाई पनि उहाँ मान्नुहुन्न । नियम मान्छेले नै बनाएको हो( उहाँ बताउनुहुन्छ( नियम फेर्ने पनि मान्छे नै हुन् ।

अधिवक्ता सुशीला रेग्मी पनि छोरीले काजकिरिया गर्नुहुँदैन भन्ने कुरालाई पटक्कै मान्नुहुन्न । उहाँ उल्टै प्रतिप्रश्न गर्नुहुन्छ( कसले भन्यो छोरीले काजकिरिया गर्नुहुँदैन भनेर ? रातदिन कानूनका ठेली पल्टाउने अधिवक्ता रेग्मी छोरीले काजकिरिया गर्नुहुँदैन भनेर कानूनले नभन्ने बताउँदै अगाडि थप्नुहुन्छ( कानूनमा छोरीले किरिया गर्नुहुँदैन भनेर कहीं लेखेको छैन । महिला अधिकारको क्षेत्रमा क्रियाशील महिला कानुन र विकास मञ्चकी अध्यक्ष सपना मल्ल छोरीले किरिया नगर्ने परम्परा भए पनि किरिया गर्न कसैले नरोक्ने बताउनुहुन्छ । घाट पुर्‍याएर चितामा राखिएको शवलाई छोराले दागबत्ती दिनुपर्छ भन्ने कुरामा पनि उहाँ सहमत हुनुहुन्न । उहाँ भन्नुहुन्छ( छोराले मात्र दागबत्ती दिनुपर्छ भन्ने छैन ।

छोरीले काजकिरिया गर्दा समाजमा नराम्रो असर पर्छ भन्ने कुरामा पनि महिला नेतृहरू सहमत छैनन् । महिला अधिकारको कुरा उठाउँदा पुरुषसरहको जिम्मेवारी बोक्नुपर्ने धारणा अगाडि सार्ने पुरुषहरूलाई पनि महिलाहरूले व्यवहारबाटै काम गरेर देखाउन सक्छन् । छोरीहरूले किरिया गर्दा समाजमा कुनै पनि समस्या नआउने दाबी गर्नुहुन्छ( सपना मल्ल ।

छोरी पनि छोराजत्तिकै हुन् भन्ने कुरालाई मूर्तरूप दिने महिलाहरूबाट शिक्षा लिने हो भने पिण्ड दिने छोरा जन्माउन वर्षेनी बच्चा जन्माउने बाबुआमा आर्थिक संकटबाट पनि अलिकति मुक्त हुन सक्नेछन् र अहिलेजस्तो छोरा र छोरीबीचको विभेद पनि क्रमशः घट्दै जानेछ ।

## यसरी भयो सकारात्मक कार्यको थालनी

सीता घिमिरे (दाहाल)

त्यो क्षण सम्झना अहिले पनि मेरो मन हर्षले गद्गद् हुन्छ । ५० जना रातै सारीमा सजिएका महिलाहरू जसले मादल, हार्मोनियम, तबला आदि सम्पूर्ण बाजा आफै बजाउँदै आफ्ना पीडा र बेदना मिसिएका तथा आफैले रचेका सन्देशमूलक शैलीका गीतहरू गाउँदै आफ्नो गाउँका झुपडीदेखि महलसम्म पुगेका थिए । यो क्रम २ रातसम्म चलेको थियो र टोलबासीमा कहिल्यै नदेखिएको उमङ्ग देखिएको थियो । बेलाबेलामा समूहकहाँ पुग्यो, थप उज्यालो वा अन्य सहयोग पो गर्नुपर्ने अवस्था छ कि भन्दै पुरुष दाजुभाइहरू आइपुग्नुहुन्थ्यो जसले हामीलाई झनै प्रोत्साहन गर्दथ्यो ।

प्रशंग गत तिहारको हो । ललितपुरको जावलाखेलबाट करिव डेढ किलोमिटर दक्षिण(पूर्वमा अवस्थित कुसुन्ती नयाँ नगर वडा नं १३ का महिलाहरूले यो उदाहरणीय कार्य गरेका थिए । शहर नजिकैको बस्ती भएकोले कुसुन्तीलाई पनि शहरीया जीवनशैलीले राम्ररी भेटेको छ । । अन्य ठाउँहरूमा जस्तै यस ठाउँमा पनि टोल सुधार समिति छ जसमा नगन्य महिला सहभागिता छ, केवल संख्यात्मक रूपमा मात्र । अन्यत्र जस्तै यहाँ पनि सामाजिक वा अन्य कार्यका लागि पुरुषहरू आपसी भेटघाट तथा सरसल्लाह गर्ने गर्दछन् जुन अत्यन्त सह्रानीय कार्य हो । तर महिलाहरूमा त्यस किसिमको भेटघाट र छलफलको त कुरै छाडौं चिनाजानी तथा बोलचालसमेत जोडिएको १(२ घरमा बाहेक अन्यमा थिएन । सामाजिक कार्यमा महिला सहभागिताको अभाव तथा टोलबाली महिलाहरूबीच आपसी चिनाजानीको अभाव मेरो मनमा खड्किइरहेको थियो ।

एक दिनको कुरा हो, टोलसुधार समितिको मिटिङ्ग बसिरहेको बेला आउँदो तिहारमा महिलाहरू भेला भएर गाउँमै भैलो खेल्छौं हामीलाई यो मौका दिनुपऱ्यो भनी कुरा राखियो । भैलो खेल्नुको उद्देश्य पनि प्रष्टसँग बताइयो( (

( महिलाहरू आपसमा परिचित भई सुखदुःख एवं अप्ठ्यारा(सप्ठ्यारा बाँडिने ।
( महिलाहरूमा सामाजिक दायित्वबोध भई सहभागिता बढ्ने
( भैलो खेलेर जम्मा भएको रकमले गाउँमै कुनै सामाजिक कार्य गर्ने ।
( भैली गीतमार्फत् गाउँमा चेतनामूलक सन्देश प्रचार गर्ने, आदि

यसरी निश्चि उद्देश्यसहित अनुरोध गरेपछि उपस्थित धेरैजसो पुरुष दाजुभाइहरूले आफ्ना श्रीमतीहरूलाई यो खबर गरिदिने आश्वासन दिनुभयो । त्यसपछि पहिलो मिटिङ्ग हुने मिति र स्थान पनि सामूहिक रूपले निर्णय गरी १२ जना महिला जम्मा भइयो । आपसी परिचयपश्चात् भेला हुनाको उद्देश्य बताउँदा सबै नै सहमत हुनुभयो । त्यसपछि आ(आफ्नो घरवरिपरिका दिदीबहिनीहरूलाईसमेत खबर गरी अर्को भेट हुने एक सातापछिको दिन तोकियो । दोसो भेटमा २१ जना जम्मा भइयो तर तिहारको लक्ष्मीपूजाको रात सबै महिलाहरूले घर छोडेर हिंड्न नमिल्ने भनी १७ जनाको नाम लेखियो । त्यसपछि पनि भैलो खेल्न जानुअघि करिब ८ पटकसम्म भेटियो र भैलोको लागि गीतहरू लेख्न तथा गाउन र बाजा बनाउन अभ्यास गरियो । र, साथै महिला एकताका फाइदाहरूबारे पनि प्रशस्त छलफल गरियो । यसै क्रममा भैलो खेल्न जाने संख्या बढेर २५ पुग्यो र कतिपय पुरुष दाजुभाइबाट सहयोग तथा प्रोत्साहन पनि देखापर्न थाल्यो भने केहीबाट चाहिं ‘के नै गर्लान् र महिलाले हेरौं ! भन्नेजस्ता भावहरू पनि यदाकदा फुत्किन थाले ।

भेटघाट र अभ्यास गर्ने क्रममा हामीले केही नियमहरू पनि बनायौं( कार्यक्रम परम्परागत मौलिकता झल्कने खालको र आफ्नै रचनाका सन्देमूलक गीतहरू हुनुपर्ने, बाजा महिलाहरू आफैले बजाउने, गहना र हिल भएको जुत्ता लगाउन नहुने तथा रातो सारी लाउनुपर्ने आदि । यसैअनुरूप लक्ष्मीपूजाको दिन साँझ ७ बजे जम्मा हुँदा ३५ जना महिला जम्मा भएका थिए । केहीको मनसाय २/३ घर खेलेपछि घर फर्कने थियो तर कार्यक्रम यस्तो सोच्दै नसोचेको भइदियो कि गएका महिला घर फर्कने कुरा त परै जाओस् घरमा बसेका महिला पनि गीत सुनेर र भैलो खेल्नेहरूको जोस र जाँगरलाई देखेर आफू पनि सहभागी हुँदै गए कार्यक्रम ३ बजे अत्य गर्दा करिब ५० जना महिला जम्मा भएका थिए । यसैगरी बाँकी घरहरूमा भोलिपल्ट पनि साँझ ७ देखि ३ बजे बिहानसम्म लगातार गाउने, नाच्ने बाजा बजाउने कार्य गर्दा पनि सम्पूर्ण महिलाहरू उत्तिकै जोशिला र फूर्तिला देखिन्थे । सायद यो हुनुमा टोलबासीले हामीलाई गरेको स्वागत तथा प्रोत्साहनले नै प्रमुख भूमिका खेलेको हुनुपर्छ । गाउँबाहिरबाट

मानिस बोलाएर हाम्रो :इख्छ खिच्नु, फोटो खिच्नु तथा अँध्यारो बाटोमा मैन्टोल देखाउनु अनि वरिपरि बसेर हाम्रो सन्देशहरू सुनिदिनु अनि हाम्रो टोलका महिलामा यस्तो प्रतिभा छ भन्ने हामीलाई थाहा थिएनजस्ता भनाइ व्यक्त गर्ने कार्य गरी टोलबासी दाजुभाइले देखाउनुभएको सदासयताले हामीमा आत्मविश्वास र गौरवको विजारोपण भयो ।

अक्षर पढ्न नजान्नेदेखि डिग्री गरेका तथा ठूला पदमा जागिर खाने र घरायसी कामकाजी महिला सबैको यस कार्यमा उत्तिकै सहभागिता रह्यो । पहिले कुरा गर्दा मुख छोपेर बोल्ने महिला पनि अब निर्धक्क आफ्नो भावना राख्न सक्ने भएको जस्तो परिवर्तन टड्कारै देखिन थालेका छन् । यति मात्र नभई परिवारभित्र परेका अप्ठ्यारासमेत साथीहरूसँग सल्लाह गरी समाधान गर्ने कार्यको थालनी भइसकेको छ । भैली खेली जम्मा भएको रु. ३० हजार दुई महिलाको नाममा खाता खोली बैंकमा राखिएको छ र सो रकम टोलकै विकास कार्यमा खर्च गर्ने निर्णय गरिएको छ । यसरी पटक्कै सामाजिक कार्यमा सहभागी नबन्ने महिला अब टोल सुधारको लागि पुरुषसरह नै सम्बन्धित कार्यालय धाउन थालेका छन् । यसरी तिहारमा भैलो खेल्ने निहुँले जुट्न शुरु गरेका महिलाहरूले आफूभित्र रहेको क्षमता र खुवीको प्रदर्शन गर्दै सामाजिक दायित्वको बोध गर्दै आफू पनि सहभागी बन्न यकिन गरी आत्मविश्वासका साथ कार्य थालनी गरिसकेका छन् ।

म एक नारी पुरुष समनतामूलक विकासमा विश्वास राख्ने व्यक्तिको हैसियले विश्लेषण गर्नुपर्दा यसरी भैलो कार्यक्रममार्फत् राखिएका उद्देश्यहरू सजिलै पूरा हुनुमा पुरुष वर्गको सहमत र सहभागिताले महिलासँग सम्बन्धित कुनै पनि कार्यमा महत्वपर्ण भूमिका खेल्न सक्छ भन्ने मान्यतालाई आत्मसाथ गर्नु नै प्रमुख कारण हो जस्तो लाग्छ । कुनै पनि परिवार वा समुदायमा महिलाको उन्नति हुनु भनेको त्यसै परिवार वा समुदायको उन्नति हुनु हो भन्ने वास्तविकतालाई उजागर गराउँदै महिला विकास अर्थात् लैगिक समानताको आवश्यकतालाई अघि सारेमा यस कार्यमा पुरुषको सहमति तथा सहभागिता प्राप्त गर्न सकिन्छ । जुन सफलता प्राप्तिको एक मात्र उत्तम तरिका बन्न सक्छ ।

## एक्काइसौं शताब्दीमा बोक्सीको पीडा

शशिधर भण्डारी

प्यूठान जिल्लाको जुम्रिकाँठा गाविस वडा नं. ९ बस्ने बेदी पुँजालीका पति रिमे पुँजालीको मृत्यु भएको आठ वर्ष बितेको छ । अहिले ४९ वर्ष पूरा गरी ५० वर्षमा लागेकी बेदी पुँजाली विधवा भएयता उनले आफ्नै जेठाजु लिमे पुँजालीको जेठो छोरा टंके पुँजालीको हातबाट बोक्सी लागेको आरोपमा पटकपटक पिटाइ खाइसकेकी छिन् । ‘मलाई बेलाबेलामा हातपात गर्ने गरेको छ । गाउँ, समाज, घरछिमेक सबैसँग हारगुहार गर्ने गरेकी छु तर म अभागिनीको को छ र ?’ भन्दै उनी आफ्नै भतिजोले पिटेको नीलडाम देखाउँदै बलिन्द्र धारा आँसु झार्छिन् । भैंसी, गाई, गोरु वा जेठाजुका घरका जोसुकै बिरामी भए पनि भतिजो टंकेको हातबाट दुई(चार झापट खानैपर्ने उनको विवशता छ । उनको एउटा १२ वर्षको छोरा दण्डपाणि पुँजाली आर्थिक समस्याका कारण गत साल ११ वर्षको उमेरमा मुग्लान पसेर भर्खर घर फर्केको र छोराले पढ्न नपाएको पीडा पोख्दै र अर्को १० वर्षीय छोरा देखाउँदै उनले भनिन्( यी छोराहरू मेरो भविष्यको आशा हुन् । उनको पतिको निधन भएपछि उनलाई साहराहीन देखेर समाजका केही ठूलाबडा हौं भन्नेहरूले समेत सामुन्नेमा तै बोक्सिनी भन्ने र सार्वजनिक स्थलहरूमा समेत हेप्ने गरेको अर्को दर्द छ उनीसँग ।

यस्तो बोक्सीको आरोपमा चारैतिरबाट अपहेलित अवस्थामा कसरी दिन काटिरहनुभएको छ ? भन्ने प्रश्न गर्दा उनी भन्छिन्( यो पापी गाउँलाई चटक्कै छाडेर म मरेको धूँवा समेत नआउने गाउँ बसाइँ सरेर जान्छु यो भएको सिरिखुरी बेच्छु भनेर हल्ला पनि चलाएँ, तर कसैले पनि पर्ने मोल दिएनन्, के गरूँ यिनै नाबालक छोराहरूलाई च्यापेर बोक्सिनी नाम कमाएर बसेकी छु ।

त्यसैगरी जुम्रिकाँठा गाविसकै वडा नं. ३ बन्टाकुरा बस्ने खोपी न्यौपानेलाई पनि स्थानीय जान्नेसुन्ने भनाउँदाहरूले समेत बोक्सी भनेर आरोप लगाउँछन् । उनी बेली पुँजालीजस्तो विधवी महिला नभई २४ वर्षीया निर्धन महिला हुन् । उनका पति खोपिलाल न्यौपाने आर्थिक विपन्नताका कारणले उनलाई विवाह गरेयताका ९० प्रतिशत दिन मुग्लानमा नै बिताउने गर्दछन् । आफ्नो सानो छोरा ईश्वर न्यौपानेलाई कोखिलामा च्यापेर खर, केरा, दही आदि विजुवार बजारमा बेचेर निर्वाह गर्ने खोपी न्यौपाने भन्नुहुन्छ( मेरो आडभरोसा कोही नदेखेर अरूले बोक्सी भन्नु त ठूलो कुरा होइन, शत्रुले भन्छन्, तर मलाई त छुट्टिएर अंश लगिसकेकी पुनी न्यौपाने भन्ने जेठानीले समेत घरमा कोही बिरामी भयो भने मेरो कपाल समाउन आउँछिन् र झाँक्री बोलाउँछिन् । झाँक्रीले धुरीभित्रको बोक्सी भनिदिंदोरहेछ अनि सासूले पनि शारीरिक नीलडाम देखाउँदै सपनामा टोक्न आउँछे भन्दै हिंड्नुहुन्छ रे । मेरो पनि दिन फर्केलान् न्याय र अन्याय भगवान्ले छुट्टाएकै होलान् । यसरी उहँले पनि आफ्नो दुःख र पीडालाई भगवान्को जिम्मा लगाएकी छिन् ।

सदरमुकामको नजिक भएर पनि शिक्षा, स्वास्थ्य र यातायातमा मात्र होइन सामाजिक रहनसहन र सांस्कृतिक रूपमा समेत अत्यन्तै पिछडिएको जुम्रिकाँठा, प्यूठान जिल्लाको एउटा अँध्यारो बस्तीको रूपमा चिनिन्छ । जहाँका टाठाबाठा भनेर चिनिनेहरूलाई नेताहरूले बाहिरबाट गएर लडाउँछन् भने स्थानीय चल्तापुर्जाहरूले घरघरका परिवारहरूलाई लगाउँछन् । अलि

बढी तर्क अगाडि सारेर बोल्ने महिलाहरू तथा बोल्नै नसक्ने विविध क्षेत्रबाट निरीह बनेका महिलाहरूलाई किटानी साथ बोक्सी लगाउनु त्यस क्षेत्रका लागि सामान्य कुरा हो । बाहुनहरूको टोलमा बढी बोक्सीको चर्चा हुने गर्दछ भने मगर तथा दलित जातिहरूको बस्तीमा कुनै मान्छे या पशु बिरामी भयो भने, बजु, अरिमल, सेमवाई वनवाई आदिले सताएको चर्चा हुन्छ । टुनामुनामा विश्वास गर्ने झाँक्री धामीहरू बढी तटस्थ रहने यो गाउँमा केही वर्षअघिदेखि एउटा स्वास्थ्यचौकी पनि स्थापना भएको छ । उक्त चौकीमा कार्यरत माशिका लता केसी तथा पियन चित्रबहादुर बिष्टले अहिलेसम्म यो गाउँमा औषधिभन्दा झारफुकमा विश्वास गर्नेहरूको संख्या बढी छ, ठूला(ठूला रोग अस्पतालबाट सञ्चो हुने हुनाले हामीमाथि विश्वास बढ्दै गएको छ । तर पनि स्वास्थ्यचौकीको भवन ढलेको छ कसैलाई वास्ता छैन भन्ने गुनासो गर्छन् । एसएलसी पास गर्नेहरूको संख्या एउटै हातको औंलामा गनेर सकिने यस गाविसका तर अलि भिन्न गाउँका लीलाधर पुनले पशु स्वास्थ्य शाखामा र टीकाबहादुर बूढामगरले हेल्थपोष्टमा केही वर्षदेखि जागिर खाँदै आएका छन् । यसका अलावा तीनजनाजति शिक्षकहरू नै यो अँध्यारो बस्तीका उज्याला मान्छे हुन् भन्न सकिन्छ ।

एक्काइसौं शताब्दीमा पाइला टेकेको युग, प्रकाश छिर्न नसकेको अँध्यारो बस्ती र बोक्सीको आरोपमा प्रताडित महिलाहरूको ठूलै संख्या, यी कति नमिल्दा कुराहरू हुन् ? मुलुकका कुनाकुनामा खोज्दै जाने हो भने यस्ता अमिल्दा बान्कीहरू हामी कति भेटाउँला ? अवश्य पनि धेरै भेटाउने छौं । त्यसैले यो जुम्रिकाँठाको चित्रण एउटा सानो उदाहरण मात्र बन्नेछ किनभने यो मुलुकको राजधानी शहरको पनि मुटु मैतिदेवीमा दुई वर्षअगाडि एउटी महिलालाई बोक्सी लागेको आरोपमा हत्यासमेत गरिएको थियो ।

आज महिला मुक्तिको सीमा निकै फराकिलो बन्दै गएर सम्बन्धविच्छेदको अधिकार, गर्भपतनको अधिकार तथा सम्पत्तिमा समान अधिकारको तहसम्मको आन्दोलनको विकास भएको छ । बेलाबेलामा यस्ता विषयहरूले सदन पनि तात्ने गरेको छ तर कुनै महिलालाई बोक्सी भन्न पाइन्छ कि पाइँदैन ? बोक्सिनीको आरोप लगाउने र प्रताडित गर्नेहरूलाई कारबाही गर्न सक्ने कानुनको आवश्यकता छ कि छैन ? भन्ने जस्ता प्रश्नहरूमा सम्वेदनशीलताको ठूलो खाँचो महसुस गरिएको छ । अहिलेसम्म कसैलाई बोक्सी भनेर आरोप लगाउने व्यक्तिलाई मानवाधिकारको हनन गरेको वा मानहानि गरेको भन्ने तहसम्मको भन्दा अन्य कुनै ठोस कारबाही गर्ने कानून यो मुलुकमा नबन्नुले पनि महिलाहरूलाई बोक्सिनीको आरोपमा प्रताडित हुनुपर्नेदेखि हत्या हुनेसम्मको अपराधको सामना गर्नु परिरहेको छ । राम शाहले बोक्सीलाई गाउँबाट निकाल्नुपर्छ भन्ने नियम बाँधेका थिए रे भन्ने कुरा इतिहासमा पढ्न पाइन्छ । गोरखाका राजा राम शाहले त्यस जमानामा बाँधेका कतिपय सकारात्मक न्याय(प्रणालीका अतिरिक्त यो बोक्सीसम्बन्धी नियम अवश्यै पनि अवैज्ञानिक र रूढीवादी थियो । आज युगले काँचुली फेरिसकेको छ । राम शाहका पछाडि पनि सयौं वर्ष पुगिसकेको छ । तर पनि यो ठाउँमा बोक्सीको आरोप र प्रताडनाका विरुद्धमा कानुन बन्न नसक्दा एक्काइसौं शताब्दीमा पनि महिलाहरू पशुसरह कथित बोक्सीको आरोपमा प्रताडित भएर बाँच्न विवश हुनुपरेको छ । यो पीडादायी प्रथाको उन्मूलन गर्नु राज्यको कर्तव्य होइन र ?

## नारीलाई संस्कृतिले के दिएको छ ?

अधिवक्ता केशवचन्द्र श्रेष्ठ

हाम्रो समाजमा नारीको स्थिति अत्यन्त मार्मिक छ । प्रकृतिले जे बनाएको छ, त्यो त बनायो, बनायो, तर हामी आफैले पनि नारीको अहितमा अनेक जञ्जाल र तिकडम रचेका छौं । आर्थिक र राजनीतिक रूपमा नारीलाई असमान र परहेजको व्यवहार त छ, छ, तर हाम्रो संस्कृतिसमेतले परापूर्वकालदेखि नारीलाई गौण अर्थात् र दोस्रो महत्वको दर्जामा कायम गराएका छन् । सनातनदेखि चलिआएको संस्कार भन्ने नाममा नारी आफै पनि यही संस्कार स्वीकृत मनोविज्ञानमा प्रफुल्लित चित्त छन् ।

नारीलाई दोस्रो तहको बनाउने हाम्रो केही प्रमुख संस्कृतिहरूको उल्लेख यहाँ गर्न खोजिएको छ ।

हामीलाई थाहा छ, नारीहरू जे(जति पूजा(आजा एवं ब्रत आदिका प्रक्रियाहरू अपनाउँछन्, ती प्रायः पुरुषहरूको उन्नति, सफलता तथा दीर्घायुका लागि अपनाउँछन् । परन्तु ! नारीका लागि कोही पुरुषहरूले कुनै पनि नाताकी स्त्रीहरूका लागि त्यस प्रकारको संस्कृतिलाई अपनाएका हामी पाउँदैनौं ।

तिज तथा ऋषितर्पणीजस्ता अति चर्चित संस्कृतिमा वर्षैभरि पीडन, सहन आदि भोगेर पनि नारीले तिजका दिन दिनभरि निर्जल र निराहारको ब्रत बसेर पर्व मनाउँछन्, केवल आफ्ना सँगी, साथीसामु दुखेसो पोख्छन् उनीहरू । हाम्रो पितृसत्तात्मक वा पुरुषप्रधान समाजमा कुनै पुरुषले आफ्नी श्रीमतीका लागि कुनै पनि किसिमको ब्रत, संस्कार आदि अपनाउने गरेका हामीले पाउँदैनौं ।

भारत हाम्रोजस्तै हिन्दू संस्कृति पनि भएको देश हो । त्यहँ पनि ‘करवा चौथ’ भनी पत्नीहरू ‘दुष्ट’ पतिसमेतका लागि चिरायुको कामना गर्दै ब्रत बस्दछन् ।

तिहारको भाइटीकाको दिन आफ्ना दाजुभाइलाई काल (यमराज) ले तोरीको धारा नसुकुञ्जेल लैजान नपाओस् भनी तोरीको तेलको धारा बगाएर यमुनाको संस्कृतिको अर्थ लगाउँदै हाम्रा दिदीबहिनीले कामना गर्दछन् । यसमा पनि उही एक नारीद्वारा अर्को पुरुषको अमर जीवनको कामना । दिदीबहिनीद्वारा दाजुभाइको कालविजयी जीवनको कामना, तर खैर ! कुनै दिदीबहिनीका खातिर दाजुभाइको त्यस्तो कामना ? नारीको अमर जीवनको कामना चाहिएन, तर साना खुशी, हर्ष या कायम दुःख, पीडा आदि बाट मुक्तिको कामनाका लागि मात्र पनि खै त ! हाम्रा पुरुषका निम्ति कुन बाध्यतात्मक संस्कृति ?, कुनै पनि छैन ।

यस पर्वको थोरै अन्तरालमा स्वस्थानी ब्रतकथाको शुभारम्भ हुनेछ, त्यसको अभ्यास पनि एउटी नारीले पुरुषको खुशी, हर्ष, सफलताकै लागि र चिरायुको लागि नै गर्नेछिन् ।

आश्चर्य छ कि नारीहरू स्वयंले पनि हाम्रा सनातन संस्कृतिले गरेको लैङ्गिक भेदलाई महसुस गर्न सकेको छैनन् पुरुषका लागि नारीहरूले पूजाआजा, ब्रत आदि संस्कारको पालना गर्नुपर्छ भने पुरुषले पनि नारीका लागि शुभकामनाका संस्कृति अपनाउनु पर्दैनथ्यो ?, तर सामन्ती व्यवस्थाले ग्रस्त बनाइएको हाम्रो समाज त्यस्तै मथिङ्गलले बाँचिरहेको छ ।

सतीप्रथाजस्तो कलङ्कको पर्याय रहेको हाम्रो संस्कार जुन थियो, त्यसमा पतिको मृत्यु भयो भने पतिको लाशसँगै पत्नीले जिउँदै जलेर प्राण त्याग्नुपर्दथ्यो । पत्नीले त्यसो गर्न सकिनँ भने त्यहीं मलामी गएका पुरुषको हुलले टाढाटाढाबाटै ढुङ्गामुढा आदिले हानेर जबर्जस्ती तिनलाई मारिन्थ्यो र मानिन्थ्यो दुवैको स्वर्गमा वास भयो । परन्तु ! पतिभन्दा पत्नीको मृत्यु पहिले भएको खण्डमा पतिलाई त्यसै गरिन्थ्यो ? अथवा पत्नीको लाशसँगै पुरुष जल्न जान्थ्यो ? या त्यो नभएको स्थितिमा पुरुषको हुलद्वारा त्यस पतिलाई ढुङ्गामुढाले हानी मारिन्थ्यो ? अँ हँ ! त्यस्तो त कुरै छैन, त्यसका लागि त्यस्तो प्रकारको त हाम्रो संस्कृति नै सिर्जित छैनन् । दुर्भाग्य थियो कि त्यसबेलाका अधिकांश नारी सती जान नै आफ्नो धर्मअनुकूल खुशी हुन्थे भनौं जबर्जस्ती कर्तव्यपरायण हुन्थे । अहोभाग्य ! हाम्रो समाजको कि त्यस्तो कलङ्कको अन्त्य कानूनको निर्माण गरियो ।

पत्नीचाहिं आफ्नो सतित्वमा एकनिष्ट रही पति जिउँदो होस् वा मरिसकेको, तर पति आफ्नी पत्नीका निमित्त किन एकनिष्ठ रूपमा पत्नीब्रत भएर रहनुपर्दैन ? आखिर हाम्रो आदर्श संस्कृतिले नै किन अन्धभेद गरेको देखिन्छ ?

लोग्ने मरिसकेर पनि पत्नी सतित्वमा अक्षत रहनुपर्ने साथै आजीवन वैरागलाग्दो विधवा भेषमा वस्नु र बाँच्नुपर्ने, तर यस्ता पावन्दीबाट पूर्णतः अलग रहेर पुरुषले स्वच्छन्द विचरण गर्न पाउने, भोजमस्तीमा पत्नी मरेको लगत्तैदेखि रम्न पाउने !

हाम्रो संस्कृतिले त्यही संस्कृतिको सबभन्दा इमानदार र भरपूर रूपमा धेरै अनुशरण र भक्ति गर्ने महिलाप्रति नै गरेको यो व्यवहार नाजायज र अन्यायपूर्ण भएको छैन र ? हाम्रो धर्मग्रन्थहरू जसलाई हामीले भगवान् या ईश्वरकै वाणी भन्ने सम्झन्छौं, कुनै ऋषि या विद्वान्हरूद्वारा कथा, काव्य आदि साहित्यका रूपमा रचिए, सिर्जिए । पछि गएर जातिगत पाखण्डीहरूले पेशा, जाति, लिङ्ग, सम्पत्ति आदिका आधारमा त्यसलाई विकृति गरी सबैको रक्तसंचारमा, नशा(नशामा ईश्वर वाणीको भ्रम फिंजाई आफ्नो दुनो सोभ्र्याउने कुटिल चाल चले । यसबारेमा दुर्गाहाङ याख्खा राईद्वारा लिखित पुस्तक ब्राह्मणवादविरुद्ध जनजाति+उत्पीडित वर्ग (पुस्तक पाइने ठाउँ नेपाल जनजाति महासंघ, पुरानो बसपार्क, रत्नपार्क, काठमाडौं) मा विस्तृत चर्चा गरिएको छ, जसअनुसार हाम्रा धर्मग्रन्थमध्ये मूलभूत या मूलस्रोत मानिने ग्रन्थ वेदसमेत जम्मा जम्मी इशापूर्व ३,००० वर्षभन्दाअघिको होइन तथा सो समेत कुनै देववाणी होइन, मनुष्यकृत नै हो । यस्ता धर्मग्रन्थहरूमा समेत नारीहरूको पक्षमा स्वयं देवदेवताहरूमा पनि पक्षपात भएको पाउँछौं ।

हामीले सुनेअनुसार विष्णुले आफ्नी अर्धाङ्गिनी लक्ष्मीको कोमल पाउलाई कहिल्यै दबाएनन्, उनको पाउको चरण स्पर्श कहिल्यै गरेनन्, लक्ष्मीले पनि शेषनागमा विराजित विष्णुको पाउको मालिस गर्दै बस्थिन्, जबसम्म विष्णु निद्रामा मस्त हुन पुग्दैनथे । विष्णु र लक्ष्मी समान थिएनन् । त्यस्तै पार्वतीले महादेवको सेवाटहल गर्ने गर्थिन् र त्यसैमा चरम सुखको आनन्दानुभँति पाउँथिन्, तर त्यस्तो आनन्दी महादेवले लिनैनथे । शिव र पार्वती पनि समान भएनन् ।

रामायणमा लोग्नेको आदेश पालन गर्न सीता नै वनबास गइन् तर रामले सीताको न कुनै आदेश सुन्ने भन्ने हुन्थ्यो, न नै सीताका लागि वनबास जानुपर्दथ्यो । राम र सीता पनि बराबर भएनन् ।

महारभातमा युधिष्ठिरको लहडको लागि श्रीमती द्रौपदी वस्तुसरह जुवामा हारिइन् तर द्रौपदीको लागि पाण्डवका कुनै भाइलाई त्यो कल्पना मात्र पनि थिएन । झनै पाण्डप पाँचजना र द्रौपदी एकजना ! कसरी समान हुन्थे ?

यस प्रकारका नारी र पुरुषबीचको असमानता शताब्दियौंदेखि हाम्रो संस्कृति स्वयंले लादेको छ । यसरी नारीलाई जसरी असमानताको प्रवृत्तिले गाँजेको छ, त्यसबारेमा सम्पूर्ण नारी जगत् सचेष्ट हुनैपर्छ । नारीको हक, हित र समानताको पक्षमा कोही पुरुष किन बोल्दछ ? शायद भन्ठान्छन्( बोलेमा त उनीहरू आफै हानिमा पर्न जान्छन् तर त्यो होइन, समानता र

न्यायिक आवाजका हिमायतीहरू आफ्नो सचेततामा जसका पक्षमा पनि बोल्दछन्, पीडित पक्षहरूको साथ दिन पुग्छन् । त्यसैले त त्यस्तालाई सचेत भनिन्छ । नत्र त आफ्ना स्वार्थमा जो जता पनि लाग्दछन्, बक्दछन् ।

त्यसैले सम्पँर्ण नारीहरू घोत्लिएर आफ्ना जायज हक, हित र समन्यायका लागि संघर्षमा उत्रनुपर्छ साथै नारीले नारीकै खुट्टा तान्ने संकीर्ण प्रवृत्ति पनि जुन छ, त्यसलाई पनि त्यागेर, सगोल बनेर हातेमालो गर्दै व्यापक शोषित, पीडितहरूको संघर्षमा समेत समर्पित हुनैपर्छ । तब नै समाजले पिंजडाबाट फुत्किएपछिको सुगाले झैं दीर्घकालीन रूपमा आनन्दीको र उन्मुक्तिको सास फेर्न पाउनेछ ।